# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०७ | काठमाडौं | शनिबार, २३ साउन २०८३ | Prabhab National Daily | Saturday, 08 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


# 'शून्य समय' घोषणा गर्दै आन्दोलनमा वैदेशिक रोजगार व्यवसायी

## वैदेशिक रोजगारीमा श्रमिक पठाउने काम ठप्प

- सरकारले नीतिगत सुधार गरेपछि मात्र काममा फर्किने घोषणा
- श्रमिक पठाउन बन्द नगर्ने व्यवसायीलाई कारबाही गरिने




■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीमा श्रमिक पठाउने काम बन्द गरेर 'शून्य समय' घोषणा गरेको छ । संघले सरकारलाई नीतिगत सुधारका लागि दबाब दिने उद्देश्यका साथ उक्त घोषणा गरेको हो ।

शून्य समय शुक्रबार राति १२ बजेबाट लागू हुने शुक्रबार संघले आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो । उक्त समयमा वैदेशिक रोजगारीमा श्रमिक पठाउने कार्य पूर्णरूपमा बन्द गर्ने घोषणा गरिएको छ । सरकारले वैदेशिक रोजगार व्यवसायका समस्या समाधानका लागि आवश्यक नीतिगत सुधार गरेपछि पुनः व्यवसायमा फर्किने संघको भनाइ छ ।

भारतीय विमानस्थल प्रयोग गरेर श्रमिक पठाएको भन्दै वैदेशिक रोजगार विभागले एकैपटक ५९८ वटा म्यानपावर कम्पनीमाथि कारबाही गरेपछि संघले उक्त कारबाही फिर्ता गर्न सरकारसँग माग गरेको थियो । संघले सरकारलाई साउन १५ गतेसम्ममा कारबाही फिर्ता लिएर शुल्क निर्धारण गर्नुपर्नेलगायत माग सम्बोधन गर्न अल्टिमेटम दिएको थियो । श्रम मन्त्रालयले उक्त माग सम्बोधनका लागि सहजीकरण गर्ने प्रतिबद्धता जनाए पनि विभागबाट हुने कारबाही रोकिएन । विभागले थप १६३ वटा म्यानपावरलाई भारतीय विमानस्थल प्रयोग गरेकै विषयमा कारबाही गर्‍यो । त्यसपछि



सरकारले तत्काल सेवा शुल्क निर्धारण गरोस्, त्यसपछि निर्धारित शुल्कभन्दा बढी रकम लिने सदस्य संस्थाहरूलाई संघ आफैंले कारबाही गर्छ । बढी पैसा लिएको प्रमाणित भए सरकारले इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था ल्याओस्, त्यो हामी स्वीकार्छौं । त्यतिमात्र होइन, पैसा लिने र दिने दुवैलाई दण्ड सजायको कानुन ल्याइनुपर्छ ।

■ **डिकबहादुर खत्री**
**अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

संघले पूर्वघोषणाअनुसार श्रमिक पठाउने काम बन्द गर्ने निर्णयसहित आन्दोलनको कार्यक्रम शुक्रबार सार्वजनिक गरेको हो ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमार्फत १५ बुँदे माग राख्दै युवा, श्रम तथा रोजगार मन्त्रालयलाई अविलम्ब समस्या समाधान गर्न अनुरोध गरिएको छ । सरकारले नीतिगत सुधार गरेपछि अक्षरशः कानुनको पालना गर्दै पुनर्ताजकीका साथ व्यवसायमा फर्किने संघले जनाएको छ । संघका अध्यक्ष डिकबहादुर खत्रीले सम्पूर्ण व्यवसायीलाई संघको निर्णय पालना गर्न आग्रह गरे । निर्णय उल्लंघन गरी संघलाई असहयोग गरे कारबाही गर्ने चेतावनीसमेत उनले दिएका छन् ।

'संघले सम्बन्धित निकायबाट निचोड

**सन्दर्भः वैदेशिक रोजगार**

नल्याउँदासम्म काम बन्द नगरे संघको सदस्यबाट निकालेर उक्त जानकारी उहाँहरूले काम गर्ने गन्तव्य मुलुकका रोजगारदाता, चेम्बर अफ कमर्श र नियोगहरूमा गराउँछौं,' अध्यक्ष खत्रीले भने ।

व्यवसायीले प्रमुख समस्याको रूपमा रहेको वैज्ञानिक सेवा शुल्क निर्धारण भएपछि तोकिएभन्दा बढी रकम लिने व्यवसायीको इजाजत रद्द गर्ने व्यवस्था मान्न तयार भएको अध्यक्ष खत्रीले बताए । साथै रकम लिने र दिने दुवैलाई कारबाहीको दायरामा ल्याउन पनि आवश्यक रहेको उनले औंल्याए ।

क्रमशः पृष्ठ २ मा

## यस्ता छन् १५ बुँदे माग

- विभिन्न मितिमा ५९८, ३९ र १२४ व्यवसायीलाई विभागले गरेको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने
- पारदर्शी लागत र वैज्ञानिक सेवा शुल्कसहित वैदशिक रोजगार ऐन २०६४ को संशोधन
- गन्तव्य मुलुकको हवाइ भाडा न्यूनीकरण र कृत्रिम अभावको अन्त्य
- नयाँ गन्तव्यको मागपत्र प्रमाणीकरण सुचारू गर्नुपर्ने
- गन्तव्य मुलुकसँग श्रमिकमैत्री श्रम सम्झौता र अन्तर्राष्ट्रिय श्रम बजारको विकेन्द्रीकरण
- संस्थागत र व्यक्तिगत उजुरी हेर्ने छुट्टै निकाय
- वैदेशिक रोजगारीका उजुरी, बिगो दाबी र फरफारक न्यायोचित हुनुपर्ने
- मागपत्र प्रमाणीकरण र श्रम स्वीकृतिलाई स्वचालित बनाइनुपर्ने
- अनिवार्य गरिएको संस्थागत प्रमाणीकरण हुन नसक्दा सिर्जित विकृतिको अन्त्य
- श्रमिक लक्षित भर्ना प्रक्रियामा भएका एकाधिकारको छानविन र उपयुक्त कानुनी व्यवस्था
- सर्वस्वीकार्य नीतिगत सुधारविना बढाइएको दण्ड सजायको दायराको अन्त्य
- पाँच हजारभन्दा बढी श्रमिक भएका मुलुकमा श्रम सहचारी र काउन्सेरलको व्यवस्था
- नयाँ इजाजतपत्र रद्द गरी प्रत्येक पाँच वर्षमा उपयुक्त मापदण्ड तोकेर इजाजत वितरण गर्नुपर्ने
- व्यवसायीले राखेको धरौटीको ब्याजको व्यवस्थापन
- श्रमिकलाई विनाधितो ऋण वा सहुलियत कर्जाको व्यवस्था गरी 'क्यासलेस' वातावरण बनाइनुपर्ने

### सरकारमाथि खनिए रास्वपाकै सांसद

# 'सरकार चलाउने ढंग पुगेन, कालो चश्मा खोल'


मनिष झा


टीका संग्रौला


रमेश प्रसाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ दलका सांसदहरूले सत्ता सञ्चालनमा अहिलेको सरकारको ढंग नपुगेको आरोप लगाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले शुक्रबार प्रतिनिधिसभाको विशेष समयमा बोल्दै सरकारले मूल मन्त्र भुल्दा ढंग गुमाएको आरोप लगाएका हुन् ।

सरकार सञ्चालनका लागि यस अवधिमा भएका कामहरूको आत्मसमीक्षा गर्नसमेत उनले सुझाए । 'राज्यप्रतिको भरोसा र राष्ट्रप्रतिको आत्मविश्वास । यी दुई कुरालाई मूल मन्त्र मानेर राज्य सञ्चालनलाई केन्द्रित गरेमात्र हामी लक्ष्य हासिल गर्न सक्छौं,' सांसद झाले भने, 'अहिलेको अवस्थामा इन्टिग्रिटीको प्रश्न छैन, इन्टेन्सनमा पनि प्रश्न छैन । तर कता-कता ढंग नपुगेको हो कि भन्ने लाग्छ र त्यो स्वीकार्नुपर्छ ।'

आफूलाई के थाहा छैन भन्ने कुरा पहिचान गरेर सिक्ने क्षमता सरकारको नेतृत्वमा बस्नेसँग हुनुपर्ने उनको आग्रह छ । सांसद झाले मधेस, प्रवास र निजी क्षेत्र मुख्य स्टेक होल्डर भए पनि तीनै क्षेत्र असुरक्षित रहेको बताए । 'मधेसमा हालै देखिएको आगो निभेको हो, दाउरा निभेको छैन । सीमामा गरिब नागरिकबाट २५ रूपैयाँको चिप्ससमेत खोसिने तर विमानस्थलबाट महँगा मदिरा र ल्यापटप ल्याउन छुट दिइन्छ,' झाले भने,

क्रमशः पृष्ठ २ मा

राज्यप्रतिको भरोसा र राष्ट्रप्रतिको आत्मविश्वास । यी दुई कुरालाई मूल मन्त्र मानेर राज्य सञ्चालनलाई केन्द्रित गरेमात्र हामी लक्ष्य हासिल गर्न सक्छौं । तर कता-कता ढंग नपुगेको हो कि भन्ने लाग्छ र त्यो स्वीकार्नुपर्छ ।

■ **मनिष झा**
**सांसद, रास्वपा**

जन्मेर कोक्रोमा चढ्दै गर्दा त हामीले कर तिरेर आयौं, तर मरेर चितामा चढ्दै गर्दाखेरि पनि एउटा विपन्न नागरिकले विनासर्त निःशुल्क धुवाँमा उड्न नपाउने ?

■ **टीका संग्रौला**
**सांसद, रास्वपा**

चुनावताका सरकारी कार्यालयमा 'नो लाइन', रास्वपाको पालामा 'वन्ली अनलाइन' भनेर आफैंले गरेको भाषण सम्झिन्छु । आज जनता भात पकाउने ग्यासका लागि दिनभर, रातभर, मध्यरातसम्म लाइन बसेको दृश्यले मलाई साँच्चिकै लाज लागेको छ । मेरो मन्त्री र प्रधानमन्त्रीको क्वाटरमा ग्यास छ कि छैन ?

■ **रमेश प्रसाई**
**सांसद, रास्वपा**



**ग्यास लिन सास्ती** | वीरेन्द्रनगर नगरपालिका–३ सुर्खेतस्थित न्यु मिना ट्रेडर्स मूलपानीमा शुक्रबार भरेका ग्यास लाँदै उपभोक्ता । सरकारले ग्यास आपूर्ति सहज बनाउन नसक्दा उपभोक्ताले सास्ती बेहोर्नुपरिरहेको छ ।

*तस्बिरः रासस*

## पृष्ठ १ बाट क्रमश:

# शून्य समय...

'सरकारले सेवा शुल्क निर्धारण गरेपछि व्यवसायीले धेरै पैसा लिँदैनन् भन्ने ग्यारेन्टी के छ भनिन्छ । निर्धारित शुल्कभन्दा दायाँबायाँ गर्ने सदस्य संस्थाहरूलाई संघ आफैंले कारबाही गर्छ,' उनले भने, 'त्यो प्रमाणित भएको खण्डमा सरकारले इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था ल्याओस्, त्यो हामी स्वीकार्छौं । त्यतिमात्र होइन, पैसा लिने र दिने दुवैलाई दण्ड सजायको कानुन ल्याइनुपर्छ । अनिमात्र यो नियन्त्रण हुन्छ जस्तो लाग्छ ।'

### यस्तो छ संघर्षका कार्यक्रम

व्यवसायीलाई राज्यले यो देशको नागरिकसरह व्यवहार नगर्दा संघर्षका कार्यक्रम तय गर्न बाध्य भएको संघका प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतले बताए । संघले प्रथम चरणको आन्दोलनअन्तर्गत शुक्रबार राति १२ बजेदेखि पूर्व र अन्तिम श्रम स्वीकृति नलिने घोषणा गरेको बस्नेतको भनाइ छ । यद्यपि, भिसाको प्रक्रिया अन्तिम चरणमा पुगेका श्रमिकको काम भने हुने उनले प्रस्ट पारे ।

यसबीचमा श्रम मन्त्रालय, वैदेशिक रोजगार विभागलगायतका निकायलाई ज्ञापनपत्र बुझाउँदै संवाद र दबाबका कार्यक्रमलाई निरन्तरता दिइने भनिएको छ । दोस्रो चरणमा शान्तिपूर्ण रूपमा विभाग तथा श्रम मन्त्रालमा कालो पट्टी बाँधेर विरोध जनाउने बस्नेतले बताए ।

त्यसपछि पनि समस्या सम्बोधन नभए सम्बन्धित निकायमा तालाचाबी बुझाउने बस्नेतको भनाइ छ । 'दबाबको कार्यक्रममध्यको अर्को कार्यक्रमा हाम्रो कार्यालयका तालाचाबी सम्बन्धित निकायमा बुझाउने रहेको छ । साथमा सरकारले दिएको लाइसेन्सको सक्कल प्रतिलिपि सरकारलाई बुझाउँछौं,' बस्नेतले भने ।

सरकारले कुनै सुनुवाइ नगरे भदौ १ गतेदेखि सम्पूर्ण कार्यालय, कारोबार, उडान बन्द गरेर सेवा ठप्प पार्दै आन्दोलनमा उत्रने संघले घोषणा गरेको छ । अन्तिम चरणमा विभाग, मन्त्रालयलगायत घेराउ गर्दै वैदेशिक रोजगारीको आजसम्म नभएको आन्दोलन गर्न बाध्य हुने प्रथम उपाध्यक्ष बस्नेतले चेतावनी दिए ।

वैदेशिक रोजगार व्यवसायमा ३० हजारले रोजगारी पाइरहेको संघको भनाइ छ । मुलुकको अर्थतन्त्र र आन्तरिक रोजगारी सिर्जनामा पनि योगदान दिइरहेका व्यवसायीको आवाज राज्यले सुन्नुपर्ने व्यवसायीहरूको माग छ ।

■■■

# सरकार चलाउने...

'कहाँसे आते है ये लोग ? और कहाँसे आते है ये सोच ?' भन्ने ठूलो जनताले प्रश्न सोध्दै छन् ।' निजी क्षेत्र पनि अहिले त्रसित रहेको भन्दै उनले प्रहरी देख्दा नागरिकले सुरक्षा होइन, डर महसुस गर्ने अवस्था सिर्जना भएको बताए । 'कुन बेला धरपकड गर्ला, कुन बेला छापा मार्ला भन्ने त्रास छ,' उनले भने ।

यतिमात्र हैन सांसद झाले प्रधानमन्त्री वालेन्द्र शाहप्रति लक्षित गर्दै कालो चश्मा खोलेर जनताको दु:ख हेर्नसमेत सुझाए । 'हामीले हाम्रो सवारीसाधनको कालो सिसा हटायौं, कालो स्टिकर हटायौं । अब सम्भवत: कालो चश्मा पनि हटाउनुपर्छ,' सांसद झाले भने ।

### प्रधानमन्त्री र मन्त्री क्वाटरमा ग्यास छ कि छैन ?

रास्वपा सांसद रमेश प्रसाईंले ग्यास अभावकोबारेमा आवाज उठाए । अहिले देशभर ग्यासका लागि लाइन लाग्दा आफूलाई लाज लागेको प्रसाईंको भनाइ थियो । 'चुनावताका सरकारी कार्यालयमा नो लाइन, रास्वपाको पालामा वन्ली अनलाइन भनेर आफैंले गरेको भाषण सम्झिन्छु । आज जनता भात पकाउने ग्यासका लागि दिनभर, रातभर, मध्यरातसम्म लाइन बसेको दृश्यले मलाई साँच्चिकै लाज लागेको छ,' प्रसाईंले भने, 'मेरो मन्त्री र प्रधानमन्त्रीको क्वाटरमा ग्यास छ कि छैन ?'

सरकारमा नयाँ चरित्र हुनुपर्नेमा चित्रमात्र नयाँ भएको प्रसाईंको दाबी रह्यो । सरकारले भने बजारमा ग्यासको अभाव नभएको दाबी गरिरहेको छ । यसबारे प्रसाईंको प्रश्न छ, 'सरकारले भनेजस्तै पर्याप्त ग्यास आइरहेको हो र कृत्रिम अभाव तथा कालोबजारी भइरहेको हो भने त्यसमा संलग्नलाई कारबाही गर्न दुईतिहाइको सरकारलाई केले रोकेको छ ?'

यता प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै सांसद इन्दिरा रानाले ग्यास अभावका कारण नागरिक सास्तीमा परेको बताइन् । 'ग्यास नपाएर जनता प्रताडित छन् । जतिसक्दो चाँडो ग्यास आपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु,' उनले भनिन् ।

सांसद कमल सुवेदीले बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने वा आपूर्ति प्रणाली प्रभावित पार्ने गतिविधिमाथि तत्काल अनुगमन गरी सहज र नियमित आपूर्ति सुनिश्चित गर्नुपर्ने माग गरे । सदनमै उद्योगमन्त्री उपस्थित रहेको उल्लेख गर्दै उनले भने, 'आज उद्योगमन्त्री यहीँ हुनुहुन्छ । यस विषयमा मन्त्रीजीले जवाफ दिनुहुन्छ भन्ने विश्वास व्यक्त गर्छु ।'

### मल लिन पनि किसान किन लाइन लाग्नुपर्‍यो ?

रास्वपा सांसद पारशमणि गेलालले रासायनिक मलको अभाव पनि उठाए । बेलका, चौदण्डीगढी र त्रियुगा नगरपालिकामा मलका लागि ठूलो संख्यामा किसान लाइन बसिरहेको गेलालको भनाइ थियो । 'साँच्चै मल छैन भने मन्त्रालयले छैन भनिदिनुपर्‍यो,' गेलालले भने, 'मन्त्रालयले पर्याप्त छ भनिरहेको छ भने सम्बन्धित नगरपालिकाका मेयरहरूसँग समन्वय गरेर त्यहाँसम्म पुर्‍याउन हामी तयार छौं । सांसदलाई त्यसको भूमिका दिनुपर्‍यो ।'

रास्वपाकी सांसद गजाला शमीम मिकरानीले काठमाडौंको माइतीघरमा हुने प्रदर्शन र नागरिक अभिव्यक्तिका कार्यक्रमलाई व्यवस्थित गर्न सरकारलाई सुझाव दिइन् । 'माइतीघर जनताको आवाज, आन्दोलन र नागरिक अभिव्यक्ति राख्ने ठाउँका रूपमा चिनिएको छ । लोकतन्त्रमा नागरिकले आफ्ना विचार, माग र आवाज उठाउनु मौलिक अधिकार हो र म त्यसको पूर्ण सम्मान गर्दछु,' मिकरानीले भनिन् । तर माइतीघर व्यस्त सडक क्षेत्रमा पर्ने भएकाले प्रदर्शनकारी र सर्वसाधारण दुवैले समस्या भोगिरहेको उनको भनाइ छ ।

रास्वपाकै सांसद टीका संग्रौलाले पनि सरकारले जनअपेक्षाअनुसार गति लिन नसकेको भन्दै आलोचना गरिन् । संग्रौलाले पशुपति आर्यघाटमा दाहसंस्कार गर्न नसकेर नागरिकले आफूलाई सहयोगका लागि फोन गरेको उल्लेख गर्दै उनले मृत्युमा पनि कर तिर्नुपर्ने प्रथा अन्त्य गर्न माग गरिन् । 'एउटा नागरिकले बाँचुन्जेल अनेक शीर्षकमा राज्यलाई कर तिरिरहेको हुन्छ । कम्तीमा उसको मृत्यु हुँदै गर्दा उसको अन्तिम संस्कारलाई सम्मानजनक र सहज बनाउने जिम्मेवारी राज्यको हुनुपर्छ,' संग्रौलाले भनिन् ।

विपन्न नागरिक मर्दा कम्तीमा एक भारी दाउरा, एउटा शरीरले ओगट्ने ठाउँ र एक काँटी सलाई राज्यले नि:शुल्क उपलब्ध गराउनुपर्ने उनको भनाइ थियो । 'जन्मेर कोक्रोमा चढ्दै गर्दा त हामीले कर तिरेर आयौं, तर मरेर चितामा चढ्दै गर्दाखेरि पनि एउटा विपन्न नागरिकले विनासर्त नि:शुल्क धुवाँमा उड्न नपाउने ? यो राज्य नागरिकमैत्री राज्य हुन सक्दैन,' संग्रौलाको प्रश्न थियो ।

शुक्रबारको सदनमा अधिकांश सांसदले ग्यास अभाव, यातायात व्यवस्था विभागको कार्यालयमा देखिएको समस्याका कारण लाइसेन्स वितरण प्रणालीमा अवरोध, मलको अभाव, सरकारको कार्यशैलीप्रति गम्भीर प्रश्न उठाए । सरकारप्रति सत्तारुढ दलकै सांसदहरू सम्भवत: पहिलोपटक यसरी एकैसाथ खनिएका हुन् ।

# घुससहित नियन्त्रणमा लिइएका अमिन खत्रीविरुद्ध मुद्दा

**काठमाडौं (प्रस)–** जग्गा हालसाविक गरी जग्गाधनी पुर्जा बनाइदिने बहानामा सेवाग्राहीसँग घुस लिने नापी कार्यालय चाबहिलका अमिन टोपजङ खत्रीविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एक लाख ६० हजार रूपैयाँ बिगो र कैद सजाय मागदाबीसहित शुक्रबार खत्रीविरुद्ध मुद्दा दायर गरेको हो ।

नापी कार्यालय चाबहिल २ र ३ नं. नापी टोली गोकर्ण (माकलबारी) मा कार्यरत अमिन खत्रीले जग्गा हालसाविक तथा पुर्जा सहजीकरणबापत सेवाग्राहीसँग एक लाख ६० हजार रूपैयाँ घुस माग गरेको उजुरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको थियो । सोही सूचनाका आधारमा आयोगको टंगालबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको हो ।

अनुसन्धानका क्रममा खत्रीले आफ्नो पदको दुरूपयोग गरी घुस लिएको पुष्टि भएको जनाउँदै आयोगले मुद्दा दर्ता गरेको हो । अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा एक लाख ६० हजार रूपैयाँ बिगो कायम गरी कैद र बिगोबमोजिम जरिवाना सजायको मागदाबीसहित बिहीबार विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।


## युएइमा रोजगार

कम्पनी : Grand Mark Technical Services LLC

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346274 | चलानी नं. ६०२५९४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 1 | 0 | 1400 | ५८,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BRICKLAYER | 1 | 0 | 1600 | ६६,४६३ | | | | | | | |
| 3 | Building Electrician | 1 | 0 | 1600 | ६६,४६३ | | | | | | | |
| 4 | GENERAL STEEL FIXER | 1 | 0 | 1600 | ६६,४६३ | | | | | | | |
| 5 | SCAFFOLDER | 1 | 0 | 1600 | ६६,४६३ | | | | | | | |
| 6 | TILE LAYER | 1 | 0 | 1600 | ६६,४६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०२/०६३/०६४

**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com



## रिलायन्स फाइनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८३/०४/२३)

कास्की जिल्ला थुमकोडाँडा न.पा. वडा नं. ०५ बस्ने शेर बहादुर गुरुङको नातीनी तुलसी प्रसाद गुरुङको छोरी गङ्गा देवी गुरुङको मिति २०८२/११/१९ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०११२००००१४९५ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतकको श्रीमान टेकन सिं गुरुङले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



## कुवेतमा रोजगार

कम्पनी : THE SQUARE RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346346 | चलानी नं. ६०२५९५०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew/Waiter | 43 | 0 | 132 | ६५,१०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Global Technology Company for Communication Materials, Systems and Equipments WLL

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346345 | चलानी नं. ६०२५९५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 10 | 0 | 140 | ६९,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | HEAVY DRIVER (LOCAL) | 10 | 0 | 160 | ७८,९२० | | | | | | | |
| 3 | HELPER (OUTDOOR) | 50 | 0 | 95 | ४६,८५९ | | | | | | | |
| 4 | Kitchen Helper | 5 | 0 | 120 | ५९,१९० | | | | | | | |

कम्पनी : VELVET COMPANY FOR GENERAL CLEANING, INDUSTRIAL CLEANING AND BUILDING MAINTENANCE SERVICES

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346347 | चलानी नं. ६०२५९५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 5 | 25 | 90 | ४४,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | waiter/waitress | 5 | 5 | 120 | ५९,१९० | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80

**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np


## होटल ब्लु म्यागनेट एण्ड मल्टिपर्पोज प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०४/२२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **होटल ब्लु म्यानेजमेन्ट एण्ड मल्टिपर्पोज प्रा.लि. (प्रा.लि.नं.१९५३०६/०७५/०७६)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०४/२१ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५**
**मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२२**

कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका-४ मालुवेलास्थित श्री नमूना सा.व.उ.सको वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ४६४ गोलिया थानको परिमाण १८८३.५३ क्यूफिट खयर जातको काठ र साल जातको दाउरा ४.७३ चट्टा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले ईच्छुक सुचिकृत कत्था उद्योग कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा बिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तेज बहादुर रावल**
**(अध्यक्ष)**
**सम्पर्क नम्बर: ९८४१४२४४७७**


## युएइमा रोजगार

कम्पनी : DIYA ALDAR BUILDING MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346213 | चलानी नं. ६०२५९४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT (HELPERS) | 4 | 0 | 1000 | ४१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264 (Narayan Khadka),
9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम ईजाजत नं. ५६७/०६२/०६३



## युएइमा रोजगार

कम्पनी : NATIONAL PAINTS FACTORIES CO.LTD.LLC - ABUDHABI BRANCH

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346196 | चलानी नं. ६०२५९४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 100 | 0 | 1050 | ४३,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com


## भगवानपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भगवानपुर, सिरहा
## मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशित मिति : २०८३/०४/२३**

आ. व. २०८३/०८४ का लागि यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति मर्मत संम्भार तथा सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा छ क बमोजिम इच्छुक व्यक्ती, संस्था वा कम्पनीहरुले सूची दर्ता गर्न सम्बन्धित बिषयको कारोवार गर्न स्विकृति प्राप्त एवं आफुले आपुर्ति गर्ने सामान वा मर्मत सम्भार सम्बन्धि बिवरण र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताका कागजातहरु संम्लग्न गरि निवेदन, संस्था वा फर्म दर्ताको प्रमाणपत्र, आ. व. २०८१।०८२ को करचुक्ता तथा म्याद थपको छायाँ प्रति सहित यस गाउँपालिकाको कार्यालयमा हार्डकपी तथा यस कार्यालयको इमेल मार्फत पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. मसलन्द तथा स्टेशनरी सामानहरु आपुर्ति गर्ने,
२. छपाई सम्बन्धि कार्य गर्ने,
३. फर्निचर फर्निसिड तथा फिक्चर सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
४. ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल तथा संचार सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत कार्य गर्ने,
५. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, टोनर आपुर्ति तथा रिफिल र मर्मत सम्भार, समेतका कार्यहरु गर्ने,
६. सफ्टवेयर निर्माण, मर्मत तथा सम्भार, सम्बन्धि कार्य गर्ने,
७. गाडि तथा मोटर साईकलका पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
८. टेलिफोन मर्मत सम्भार गर्ने,
९. केबुल तथा इन्टरनेट, सम्बन्धि, काम गर्ने,
१०. जेनेरेटर मर्मत तथा सम्भार सम्बन्धि काम गर्ने,
११. बिज्ञापन सेवा,
१२. कुरियर सेवा,
१३. खानेपानी ट्याँकर, जार र मिनरल बोतल आपुर्ति,
१४. बहस पैरवि तथा कानुनी परामर्श सेवा,
१५. ढुवानी सम्बन्धि कार्य,
१६. ठेक्कापट्टा, निर्माण, कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य ।

**शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम अयोग्य नभएको कालो सूचिमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयंले घोषणा गरि निवेदन दिनुपर्नेछ ।
२) व्यक्ति, कम्पनी, फर्म वा संस्थाको पत्राचार गर्ने ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।
३) सूचिकृत निर्माण व्यवसायी/आपूर्तीकर्ता/परामर्शदाता/कम्पनी/संस्था सबैलाई कार्य दिन कार्यालय बाध्य हुने छैन ।
४) व्यक्ति, कम्पनी, फर्म वा संस्थाले दुइ वा दुइ भन्दा बढि सेवाहरु उपलब्ध गराउन चाहेमा सेवा अनुसार छुट्टाछुट्टै निवेदन हार्डकपी वा ईमेल मार्फत दिनुपर्ने छ ।

## बिमालेख हरायो

मिति २०७२/०१/१२ गते ललितपुर जिल्ला लामाटार-६, भुकम्पमा परी आफ्नै घरबाट मेरो निम्न व्होरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सुमन घिमिरे**
**बिमालेख नं. २३००००७७४**
**कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.**
**ठेगाना : ललितपुर, लामाटार-६ हाल महालक्ष्मी न.पा**
**सम्पर्क नं : ९८६०८१००१५**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०४।१५ गते जिल्ला भक्तपुर सूर्यविनायक न.पा. ६ पाण्डुबजार घर अगाडि पार्किङ गरी राखिएको अवस्थामा KTM Adventure सुन्तला रङ्गको २५० सी.सी.को मोटरबाइक रातको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : शैलुङ सिटी कन्स्ट्रक्शन प्रा.लि. (जमुना महर्जन)**
**बाइक नं. : बा.प्र. ०२-०६४ प ६५७२**
**च्यासिस नं. : MD2JGEXJ4SNO43834**
**इन्जिन नं. : S-962-35311**
**ठेगाना : शैलुङ गा.पा-२, दोलखा**
**सम्पर्क नं. : ९८५११३१६७९, ९८४११७७९७७**


## युएइमा रोजगार

कम्पनी : JEREH OIL & GAS ENGINEERING CORPORATION - ABU DHABI

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346362 | चलानी नं. ६०२५९५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourers | 200 | 0 | 1200 | ४९,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा १०:०० बजे हुनेछ ।

कम्पनी : BLUE SHARKS GIANTS TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346357 | चलानी नं. ६०२५९५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Plumber | 1 | 0 | 1500 | ६२,३०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा ११:०० बजे हुनेछ ।

कम्पनी : MSW MANPOWER SUPPLY L.L.C

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346229 | चलानी नं. ६०२५९५०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborers/Building Worker | 150 | 0 | 1000 | ४१,५३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा १२:३० बजे हुनेछ ।

कम्पनी : AL BARRAK ELECTRICAL CONTRACTING COMPANY W L L

पूर्व स्वीकृति मिति : २०८३/04/२२ | LT. No. 346197 | चलानी नं. ६०२५९५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL LABOURER | 150 | 0 | 1000 | ४१,५३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा २:०० बजे हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547,
9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

# चार वर्षमा ९३.३९ प्रतिशतले बढ्यो मध्यपुर थिमिको राजस्व

■ प्रभाव संवाददाता



**भक्तपुर–** मध्यपुरथिमि नगरपालिकाले चार वर्षको अवधिमा आन्तरिक राजस्व संकलनमा ९३.३९ प्रतिशतको वृद्धि हासिल गरेको छ । शुक्रबार क्रियाशील पत्रकार मञ्च भक्तपुरले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उक्त जानकारी दिइएको हो । नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन, राजस्व व्यवस्थापनलगायत क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको जनाएको छ । नगरपालिकाको चार वर्षे विकास र उपलब्धिताबारे अन्तरक्रिया कार्यक्रममा नगरप्रमुख सुरेन्द्र श्रेष्ठले कुनै किसिमको कर वृद्धि नगरे पनि तीन गुणा राजस्व संकलन भएको बताए ।

उनले नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा ५२ करोड ५६ लाख एक हजार रूपैयाँ आन्तरिक राजस्व संकलन गरेको जानकारी दिए । त्यसअघि आव २०८१/८२ मा २७ करोड १७ लाख ५८ हजार रूपैयाँ संकलन गरिएको थियो । जसअनुसार आव २०८१/८२ को तुलनामा २०८२/८३ को राजस्व संकलन ९३.३९ प्रतिशतले बढी हो । नगरप्रमुख श्रेष्ठले आव २०७८/७९ मा १८ करोड ४५ लाख ९४ हजार रूपैयाँ, आव २०७९/८० मा २४ करोड १३ लाख ३८ हजार रूपैयाँ, आव २०८०/८१ मा ३० करोड चार लाख ४४ हजार रूपैयाँ राजस्व संकलन भएको विवरण प्रस्तुत गरे ।

आवासीय घरबहाल कर १० बाट पाँच प्रतिशतमा घटाइएको बताउँदै उनले वर्षौंदेखि कर नतिरेर बसेका ठूला व्यवसायीहरूसँग कर संकलन गर्न सफल भएको उल्लेख गरे । करको दायरामा नआएका व्यवसायलाई करको दायरामा ल्याइएको, करको दायरा विस्तार गर्दै करको नीतिमा सुधार ल्याउनेलगायत सकारात्मक पहल थालिएकाले राजस्व संकलन वृद्धि भएको उनको भनाइ छ ।

नगरप्रमुख श्रेष्ठले संघीय सरकारले चालु आवमा पूर्वाधार विकासतर्फ ५५ लाख रूपैयाँ बजेट विनियोजन गरेको जानकारी दिए । उनले नगरपालिकासँग करिब ६२ करोड रूपैयाँ मौज्दात रहेको रकम सदुपयोग गर्दै आफ्नै आन्तरिक स्रोतबाट ३६ करोड रूपैयाँको लागतमा नगरपालिकाको आफ्नै सुविधासम्पन्न भवन निर्माण सुरु गरिएको बताए ।

'हाम्रो चारवर्षे कार्यकालमा सुशासन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन तथा राजस्व व्यवस्थापनलगायत क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेका छौं । सीमित स्रोतसाधनका बाबजुद पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं,' नगरप्रमुख श्रेष्ठले भने, '७९ वटा ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याइएको छौं । जनताको गुनासो नआउनेगरी सामवेशीरूपमा आवश्यकताअनुसार काम गरिरहेका छौं ।'

सामुदायिक विद्यालयको गुणस्तर सुधार, स्थानीय पाठ्यक्रम कार्यान्वयन, शिक्षक व्यवस्थापन, कक्षा १ देखि १० सम्मका चार हजार ८१४ लाई र कक्षा ११ र १२ तफ २०४ जनालाई छात्रवृत्ति वितरण गरिएको, केन्द्रीकृत भान्साघरमार्फत कक्षा ५ सम्मका दुई हजार ७०० विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराइएको नगरप्रमुख श्रेष्ठले जानकारी दिए । उनले यस वर्षदेखि कक्षा ८ सम्मलाई दिवा खाजाको व्यवस्था गरिने बताए ।

नगरपालिकाले स्वास्थ्यतर्फ ज्येष्ठ नागरिक, दलित, एकल महिला र अपांगता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य बिमा, रेबिज तथा निमोनिया खोप, क्यान्सर परीक्षण, होमियोप्याथिक सेवा र ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिरहेको नगरप्रमुख श्रेष्ठले बताए । उनले नेपाल-कोरियामैत्री नगरअस्पतालमाडायलाइसिस, सिटी स्क्यान, ब्लड बैंक, आमा सुरक्षा कार्यक्रम, शल्यक्रिया तथा अन्य विशेषज्ञ सेवा विस्तार गर्दै दैनिक एक हजार २०० बिरामीलाई सेवा दिँदै आएको जानकारी दिए ।

पूर्वाधार विकासतर्फ सडक पक्की गर्ने कार्य, घरघरमा खानेपानीको पुऱ्याउने, विद्यालय भवन निर्माण गर्ने, स्वास्थ्य संस्था, पार्क, मठमन्दिर पुनर्निर्माण, मूर्त अमूर्त सम्पदाको संरक्षण गर्ने, 'मध्यपुर उज्यालो अभियान' अन्तर्गत मध्यपुर क्षेत्रभित्र विभिन्न सडकमा १६ किलोमिटर क्षेत्रमा 'स्मार्टलाइट' जडान गरी सञ्चालनमा ल्याइएको नगरप्रमुख श्रेष्ठले बताए ।

उनले नीलबाराही क्षेत्र संरक्षणको काम भइरहेको, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरी कृषि बचत तथा ऋण सहकारी संस्थाका ५१२ जना बचतकर्तालाई कूल ५२ लाख ४० हजार रूपैयाँ फिर्ता गरिएको, शिक्षा, स्वास्थ्य, सम्पदा र रोजगारीका क्षेत्रमा नगरपालिकाले लगानी बढाउँदै आएको बताए ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले चालु आवका लागि नगरपालिकाले दुई अर्ब ७१ करोड रूपैयाँको बजेट कार्यान्वयनमा ल्याइसकेको जनाउँदै शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा बजेट खर्च गरिने बताए । नगरपालिकाद्वारा सञ्चालित नेपाल-कोरियामैत्री नगर अस्पतालले दैनिक एक हजार २०० बिरामीलाई सेवा दिइरहेको उनले जानकारी दिए । उक्त अस्पताल निर्माण सम्पन्न हुन लागेको जनाउँदै नवनिर्मित सुविधासम्पन्न नयाँ भवनमा विशिष्टीकृत सेवा सञ्चालन गरिनुका साथै बिमा रकम नपाउँदा पनि नगरपालिकाले ७७ वटै जिल्लाबाट सेवा लिन आएका बिरामीलाई सेवा प्रवाह गरिरहेको उनले बताए ।

नगरपालिकाका प्रशासकीय प्रमुख भोजराज घिमिरेले विगत चार वर्षको बजेट कार्यान्वयनमा सकारात्मक उपलब्धि हासिल गरेको बताउँदै यस वर्ष पनि जनताको चाहना र आवश्यकताअनुसार महत्त्वपूर्ण उपलब्धि आउनेगरी काम गर्ने प्रतिबद्धता जनाए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२३ गते**

यस कम्पनीको मिति २०८३/०४/१२ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ताप्लेजुङ पोर्क एण्ड एग्रो फार्म प्रा.लि.**को नाम परिवर्तन गरी **ताप्लेजुङ फुड्स एण्ड एग्रो प्रा.लि.(दर्ता नम्बर ३१७२४५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Bon Manpower Pvt.Ltd.** (ई.प.नं. १५१४/०७४/०७५) मा कार्यरत हेमन्त रेग्मी(सम्पर्क: ९८२४९३३६१५), युवराज रेग्मी (सम्पर्क: ९८४३३६१२५४) र महेश चौधरी (ना.प्र.प्र.नं.९८४१७०३८४१) यहि मिति : २२/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**BON MANPOWER PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851,Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम ईजाजत नं. 1514/074/075

## कर्मचारी सेवामा नरहेको सम्बन्धी सूचना

सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Vision And Value Overseas Pvt.Ltd** (ई.प.नं.८२२/०६६/०६७) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| S. N | Name | Citizenship No |
|---|---|---|
| 1 | Rajan Ghimire | 461037/397 |
| 2 | Sanjaya Kandel | 46-01-69-01362 |
| 3 | Shukra Raj Adhikari | 113 |
| 4 | Binod Bhandari | 2001 |
| 5 | Rajani Aryal Tandan | 311 |
| 6 | Akhthar Ahmed Miya | 1001/19727 |


## मलेसियामा रोजगार
कम्पनी : AMANATS SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०१/०२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 340625 | चलानी नं. ६०२५४०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 81 | 0 | 1700 | ६३,४१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**सुदूरपश्चिम–** सुदूरपश्चिममा जलवायु उत्थानशीलता तथा विपद् पूर्वानुमानमा आधारित प्रतिकार्यलाई स्थानीय तहसम्म संस्थागत गर्ने प्रतिबद्धता जनाइएको छ । शुक्रबार कैलालीको धनगढीमा आयोजित प्रदेशस्तरीय संवाद कार्यक्रममा सरोकार भएकाहरूले ११ बुँदे संकल्पसहित पूर्वानुमानमा आधारित पूर्वकार्यलाई प्रदेशको विपद् व्यवस्थापन प्रणालीमा जोड्ने प्रतिबद्धता जनाएका हुन् ।




सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय पूर्वानुमानमा आधारित पूर्वकार्यको स्थानीयकरण तथा अभ्याससम्बन्धी संवादपछि प्रतिबद्धतापत्र जारी गर्दै राष्ट्रिय पूर्वानुमानमा आधारित पूर्वकार्यलाई प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट र कार्यक्रममा समन्वय गरी प्रभावकारी कार्यान्वयन गर्ने उल्लेख छ । यस्तै, पूर्वसूचना प्रणाली, निर्णय सहयोग प्रणाली तथा पूर्वानुमानमा आधारित पूर्वकार्यसम्बन्धी संयन्त्रलाई सुदृढ बनाउँदै समुदायसम्म सूचना पुर्‍याउने प्रतिबद्धता जनाइएको छ ।

विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहको सहभागिता र संरक्षणलाई प्राथमिकता दिने विषय पनि प्रतिबद्धतापत्रमा समेटिएको छ ।

त्यसैगरी, विपद् जोखिम व्यवस्थापनका लागि जलवायु परिवर्तन तथा पूर्वानुमानसम्बन्धी तथ्यांक, सूचना, प्रविधि, अनुसन्धान र असल अभ्यासको नियमित आदानप्रदान तथा उपयोग गर्ने, तीनै तहका सरकारबीचको समन्वय तथा विकास साझेदार, निजी क्षेत्र, शैक्षिक संस्था र नागरिक समाजसँगको सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता जनाइएको छ ।

पूर्वानुमानमा आधारित पूर्वकार्यलाई प्रभावकारी बनाउन आवश्यक संस्थागत क्षमता, स्रोत परिचालन तथा वित्तीय लगानी अभिवृद्धि गर्ने र त्यसका लागि संयुक्त प्रयास गर्ने पनि प्रतिबद्धता जनाइएको छ । साथै, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका क्षेत्रमा प्रकृतिमा आधारित समाधान, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील विकासका अभ्यासलाई प्रवर्द्धन र विस्तार गर्ने, प्रतिबद्धतालाई नीतिगत कार्यान्वयनमा लैजाने र आवश्यक नीति, योजना तथा कार्यक्रम अघि बढाउने सहमति गरिएको छ ।

प्रतिबद्धतापत्रमा सुदूरपश्चिम प्रदेशलाई पूर्वानुमानमा आधारित पूर्वकार्य कार्यान्वयनको अग्रणी प्रदेशका रूपमा विकास गर्दै ज्ञान, नेतृत्व, समन्वय र सहकार्यको निरन्तरता दिने लक्ष्यसमेत अघि सारिएको छ । यस्तै, विपद् सूचना तथा पूर्वसूचनाको प्रसार र त्यसको प्रभावकारिता बढाउँदै जोखिममा रहेका समुदायलाई समयमै सुरक्षित गर्ने तथा समुदायमा रहेका सामुदायिक विपद् व्यवस्थापन समितिलाई सशक्त बनाउने प्रतिबद्धता जनाइएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा नेपाल राष्ट्रिय समाज कल्याण संघ (एनएनएसडब्लुए) सान परियोजा, मर्सीकोर नेपाल र द कोकाकोला फाउन्डेसनको आर्थिक तथा प्राविधिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव तेजप्रसाद जोशी, पुनर्वास नगरपालिका प्रमुख तोयप्रसाद शर्मा, लालझाडी गाउँपालिका अध्यक्ष निर्मल राना, पुनर्वास नगरपालिकाका उपप्रमुख भुलियाकुमारी राना, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए)का उपसचिव राजेन्द्र शर्मा, मर्सीकोर नेपालका कल्पना बस्याल, जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाका प्रमुख इञ्जिनियर सञ्जयकुमार साहलगायतले प्रतिबद्धता कार्यान्वयन गर्न सामुदायिक पहलको आवश्यकता औंल्याएका थिए । *रासस*

# एक वर्षमा १२६ वटा लागुऔषधका मुद्दा दर्ता

**दाङ–** जिल्ला प्रहरी कार्यालय दाङले यही साउन १३ गते गढवा गाउँपालिका-१ जुरौनीस्थित पूर्वपश्चिम राजमार्गमा सवारीसाधन जाँच गर्ने क्रममा ३५ किलो लागुऔषधसहित रुकुमपूर्वको भूमे गाउँपालिका-२ का २६ वर्षीय हिक्मत पुनलाई पक्राउ गर्‍यो ।

अस्थायी प्रहरी पोस्ट कालाकाटेबाट खटिएको प्रहरी टोलीले पूर्वपश्चिम राजमार्गमा सवारी जाँच गर्ने क्रममा ३५ किलो चरेस बोकेर बुटवलबाट नेपालगञ्जतर्फ जाँदै गरेको लुम्बिनी प्रदेश ०१-००१ ख ०८३७ नम्बरको विद्युतीय हाइसलाई नियन्त्रणमा लिएको हो ।

हाइसको पछिल्लो सिटमा राखिएका दुईवटा कालो झोला र एउटा नीलो रङको सुटकेस जाँच गर्दा उक्त परिमाणको चरेस फेलापरेको जिल्ला प्रहरी कार्यालयका एवं प्रवक्ता प्रहरी नायब उपरीक्षक डा. हेमबहादुर केसीले बताए । सो घटनासँग जोडिएका एक जना फरार भएपछि निजको खोजीलाई तीव्र पारिएको जनाउँदै यससम्बन्धी मुद्दा दर्ता भइसकेको उनले बताए । घटनासँग सम्बन्धित पुनमाथि भने मुद्दा चलाएको छ ।

गत पुस ७ गते सुर्खेतका ३६ वर्षीय लक्ष्मण सापकोटा, नेपालगञ्ज उपमहानगरपालिका-१५ का ३२ वर्षीय गुड्डु कवडिया र सोही ठाउँका २४ वर्षीय रुक्सा कवडियालाई ब्राउन सुगरसहित प्रहरीले पक्राउ गर्‍यो । उनीहरूलाई नेपालगञ्जबाट बा१९च ८८३३ नम्बरको सवारीबाट दाङतर्फ आउँदै गरेको अवस्थामा लमही नगरपालिका-९ को अमेलियामा जाँचका क्रममा १८० ग्राम ब्राउन सुगरसहित प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले विशेष सूचनाका आधारमा उनीहरू सवार गाडी जाँच गर्दा सेतो प्लास्टिकमा पोको पारेर राखिएको अवस्थामा लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ । उनीहरूबाट नगद सात हजार रूपैयाँ, मोबाइल तीन थान र सवार गाडीलाई दाङ प्रहरीले नियन्त्रणमा लिई लागुऔषध ओसारपसार तथा बिक्री वितरणसम्बन्धी कसुरमा जिल्ला अदालत देउखुरीमा मुद्दा दर्ता गराइएको छ । यी दुई उदाहरणमात्र हुन्, जिल्लामा लागुऔषधका घटना दिनहुँजसो भेटिन्छन् ।

यसैबीच, जिल्लामा आर्थिक वर्षमा २०८२/८३ मा १२६ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक केसीले उक्त घटनामा संलग्न २३३ जना पक्राउ परेका जानकारी दिए । उनका अनुसार पक्राउ परेकाहरूबाट करिब ४१४ ग्राम ब्राउनसुगर, ११ किलो २८८ ग्राम चरेस, १३ किलो गाँजा र तीन हजार ५३२ थान नाइट्राजेपाम तथा ट्रामाडोल टचाब्लेट बरामद गरिएको छ ।

आव २०८१/८२ मा १०६ मुद्दा दर्ता हुँदा १७८ जना पक्राउ परेका छन् । जसमा ९९ ग्राम ब्राउनसुगर, १९ किलो १९९ ग्राम गाँजा, ११ किलो १८० ग्राम अफिम, छ हजार ८०५ नाइट्राजेपाम र ट्रामाडोल टचाब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ । आव २०८०/८१ मा ५२ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता हुँदा ९८ जना अभियुक्त पक्राउ परेका छन् ।

यसैबीच, सामुदायिक प्रहरी सेवा केन्द्र तुलसीपुरका सल्लाहकार खुमानन्द अधिकारले बढ्दो लागुऔषध दुर्व्यसन तथा ओसारपसार न्यूनीकरणका लागि सबैको सामूहिक प्रयासले गाउँ तहसम्म विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले अहिले धेरैजसो युवा लागुऔषधको कुलतमा फस्ने गरेकाले उनीहरूलाई अभिभावकले समय दिएर परामर्श गर्नुपर्ने बताए ।

जीवनको बारेमा नबुझ्दा, प्रविधिको दुरूपयोग, अभिभावकको लापरवाही, चेतना अभाव, आर्थिक प्रलोभन, उच्च महत्त्वकांक्षाका, गरिबी, कुलतलगायत कारणले लागुऔषधका घटना दिनप्रतिदिन बढिरहेका सामाजिक अभियान्ता विमल रिजालले बताए । उनले लागुऔषधका घटनालाई निरुत्साहित गरी समाजमा सकारात्मक सोचको विकास गर्ने, युवाहरूलाई आयमूलक क्षेत्रमा जोड्ने किसिमका कार्यक्रम स्थानीय तह र सरोकार भएका निकायले सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

लागुऔषध समाजका लागि जटिल समस्याका रूपमा देखापरिरहेकाले यस्ता घटना रोक्न प्रहरीले समुदायमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक दीपक श्रेष्ठले बताए । उनले बढ्दो लागुऔषध ओसारपसार तथा प्रयोगलाई नियन्त्रण गर्न 'स्वीप अपरेसन' अभियान सुरु गरिएको जनाउँदै यो अभियान सफल बनाउन स्थानीय सरकार, सरोकार भएका निकाय, नागरिक समाजलगायतको सहयोग आवश्यक पर्ने उल्लेख गरे ।

जिल्लाका विभिन्न पालिकामा रहेका सरकारी तथा निजी विद्यालयमा पुगेर विद्यार्थीलाई जागरुक बनाउने, लागुऔषधको दुर्व्यसनका नकारात्मक पक्षबारे सचेत बनाउने, लागुऔषध ओसारपसार कार्यमा संलग्न भएको पाइएमा कानुनबमोजिम सजायका बारेमा प्रशिक्षण दिँदै आइएको उनले जानकारी दिए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## अबको चुनौती र अपेक्षा

कठिन भूगोल र प्राकृतिक अवस्थाका कारण नेपाल विपद्को उच्च जोखिममा छ । त्यसैमा जलवायु परिवर्तनले थप चुनौती निम्त्याइरहेको छ । मौसमको स्वरूप परिवर्तन हुँदै गएको छ । लामो समय पानी नपरे पनि केही घण्टाको मुसलधारे वर्षाले ठूलो क्षति निम्त्याउने क्रम बढिरहेको छ ।

सुदूरपश्चिम त झन् जोखिममा छ । यहाँ पछिल्ला १० वर्षमा बाढी, पहिरो, भारी वर्षा र चटचाङका एक हजार ३२९ मनसुनजन्य विपद्का घटना भएको तथ्यांक छ । ती घटनामा २७७ जनाले ज्यान गुमाए भने ५४ जना बेपत्ता भए । यस्तै, ६७५ जना घाइते भए र १० हजार ७०० परिवार प्रत्यक्ष प्रभावित भए । हजारौं घर, पुल, गोठ र पशुचौपायामा क्षति पुग्यो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१ मा २६१ मनसुनजन्य घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो । गत आर्थिक वर्ष असार २६ गतेसम्म सर्पदंश, आगलागी, जनावरको आक्रमण, भारी वर्षा, बाढीलगायत विभिन्न विपद्का ९२६ घटना भए । ती घटनामा ३५ जनाको मृत्यु भयो भने एक हजार ४२८ परिवार प्रभावित भए ।

जल तथा मौसम विज्ञान कार्यालय, अत्तरियाका अनुसार यस वर्षको मनसुनजन्य जोखिम विश्लेषणमा सुदूरपश्चिममा सात हजार ६०३ परिवारका ३३ हजार २२७ जना प्रभावित हुने अनुमान रहेको छ । जिल्लागत हिसाबमा कञ्चनपुरमा सबैभन्दा बढी सात हजार १३२ र सबैभन्दा कम दार्चुलामा एक हजार ४६७ जना प्रभावित हुने अनुमान छ । यस्तै, कैलालीमा छ हजार १९५, डोटीमा चार हजार ८२०, बाजुरामा तीन हजार ७७६, बैतडीमा तीन हजार ३६२, बझाङमा एक हजार ७६४ र अछाममा एक हजार ६०२ जना प्रभावित हुने तथ्यांक छ ।

जोखिमको यस्तो अवस्थामा विपद् जोखिम न्यूनीकरणका लागि तीनै तहका सरकारले विभिन्न संरचना र विकास साझेदारको सहयोगमा विविध कार्यक्रम गरिरहेका छन् । स्थानीय तहसँगको सहकार्य पनि क्रमशः सुदृढ बन्दै गएको छ । यही सहकार्यका कारण सशस्त्र प्रहरी बललाई गत आर्थिक वर्षमा विभिन्न १० वटा पालिकाबाट १० वटा 'र्‍याफ्ट बोट' प्राप्त भएपछि उद्धार क्षमता अझ विस्तार भएको छ । नेपाली सेना, नेपाल प्रहरी, स्थानीय प्रशासन र स्थानीय सरकारबीचको समन्वयले प्रतिकार्यलाई थप प्रभावकारी बनाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

करिब २७ लाख जनसंख्या, नौ वटा जिल्लाको जटिल भूगोल, महाकाली, कर्णाली, सेतीजस्ता ठूला नदी भएकाले यहाँ सबै तहले थप तयारी र सतर्कता अपनाउन जरुरी रहेको जानकारहरू बताउँछन् । हाल प्रदेशभर हुने डुबानलगायत समस्यामा उद्धारका लागि सशस्त्रसँग १२ जनामात्रै गोताखोर छन् । तिनलाई परिचालनका लागि पर्याप्त स्रोतसाधन छैन, तर प्रदेश सरकारले छुट्याएको बजेटसमेत खर्च हुन सकिरहेको छैन । गत आर्थिक वर्षमा उद्धार उपकरणलगायत सामग्री खरिद र गोताखोरलाई तालिम दिने भनेर प्रदेश सरकारले छुट्याएको बजेटसमेत खर्च गरिएन ।

सबै तहका सरकार र संरचनाले थप समन्वयका साथ काम गरी विपद् जोखिम न्यूनीकरणमा थप काम गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसरी मिलेर काम गर्न सुदूरपश्चिममा मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रादेशिक कार्ययोजना र बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना कार्यान्वयनमा छन् । त्यसअनुसार प्रदेश, जिल्ला र स्थानीय तहसम्म आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा तीनै तहमा विपद् व्यवस्थापन परिषद् र समिति छन् । सुरक्षा फौजसँग रहेका जनशक्तिलाई स्रोतसाधन सम्पन्न बनाउँदै समुदायस्तरमा रहेका विपद् स्वयंसेवक र विपद् सूचक सञ्जाललाई ती समितिले संस्थागतरूपमा जोड्न सके यसको प्रभावकारिता थप बढ्ने धेरैको विश्वास छ । डिआइजी सुवेदी पनि विशेषगरी स्थानीय तहले समुदायमा रहेका स्वयंसेवक र विपद् सूचकलाई आफ्नै प्रणालीको हिस्सा बनाउँदै विपद् व्यवस्थापन अझ दिगो बनाउनुपर्ने सुझाव दिन्छन् । *रासस*


**युएइमा रोजगार** — कम्पनी : STARFORCE LABOUR SUPPLY LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 341730 | चलानी नं. ६०२५५१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT BRICK MASON | 6 | 0 | 1200 | ४९,८४७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ASSISTANT CARPENTER | 8 | 0 | 1200 | ४९,८४७ | | | | | | | |
| 3 | ASSISTANT REINFORCE FITTER | 6 | 0 | 1200 | ४९,८४७ | | | | | | | |
| 4 | ASSISTANT STONE MASON | 8 | 0 | 1200 | ४९,८४७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082



**साउदी र कुवेतमा रोजगार** — कम्पनी : SALAMA FACTORY FOR ENGINEERING INDUSTRIES

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346273 | चलानी नं. ६०२५९४९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing (Company Worker) | 1 | 0 | 1000 | ४०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Raw Pops Sweets and Pastries Company

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346278 | चलानी नं. ६०२५९४९४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 7 | 0 | 100 | ४९,२८८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | assistant helpers/ general worker/ ordinary labour | 1 | 0 | 100 | ४९,२८८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**NEPAL HR SOLUTION PVT. LTD.**
LIC No. 1082/073/74
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**युएइमा रोजगार** — कम्पनी : SOMNATH ACHARYA TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 337110 | चलानी नं. ६०२५०६७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | 800 | ३३,२३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Demolition Of Building Labour | 5 | 0 | 1200 | ४९,८४५ | | | | | | | |
| 3. | Steel Fixture/civil Mason | 5 | 0 | 1200 | ४९,८४५ | | | | | | | |
| 4. | Stone Mason | 4 | 0 | 1200 | ४९,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | एसएसएफ | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम इजाजत नं. ४१५/०६०/६१



**साउदीमा रोजगार** — कम्पनी : BADI ABDULLAH AL-ATNI TRANSPORTATION ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346303 | चलानी नं. ६०२५९४५७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ७३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३१ गते (16th Aug. 2026) मा हुनेछ ।

| प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | एसएसएफ | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Nasser International Placement Services Pvt. Ltd.**
श्रम इजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com



**साउदीमा रोजगार** — कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346208 | चलानी नं. ६०२५९४३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 8 | 0 | 1500 | ६०,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | एसएसएफ | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १५०/०५६/५७
**HYHIRE INTERNATIONAL PVT. LTD.**
(East West Overseas Service Pvt. Ltd), Sinamangal-9, Kathmandu, Bagmati, Tel: 01-4581308, Email : info@hyhire.com.np



**मलेसियामा रोजगार** — कम्पनी : YAMAZAKI SEIGA SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 340547 | चलानी नं. ६०२५३९४०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | एसएसएफ | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**कुवेतमा रोजगार** — कम्पनी : OAK AND SMOKE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 337271 | चलानी नं. ६०२५०८६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 5 | 0 | 200 | ९८,५७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dispatcher | 2 | 0 | 120 | ५९,१४५ | | | | | | | |
| 3 | CHEF ASSISTANT. | 5 | 0 | 150 | ७३,९३० | | | | | | | |
| 4 | LAUNDARY WORKER | 3 | 0 | 120 | ५९,१४५ | | | | | | | |
| 5 | CDP | 5 | 0 | 200 | ९८,५७५ | | | | | | | |
| 6 | Cleaners (Indoor) | 4 | 0 | 100 | ४९,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | एसएसएफ | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337,
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**युएइ/कतारमा रोजगार** — कम्पनी : MAGNOLIA SALION

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346252 | चलानी नं. ६०२५९४८३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 1500 | ६२,०३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BEAUTICIAN MANICURIST/PEDICURIST | 0 | 3 | 1500 | ६२,०३५ | | | | | | | |

कम्पनी : RELIEF BEAUTY LOUNGE — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346249 | चलानी नं. ६०२५९४८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 2 | 1800 | ७४,४४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masseurs | 0 | 1 | 1800 | ७४,४४० | | | | | | | |
| 3 | Hair Dresser | 0 | 2 | 1800 | ७४,४४० | | | | | | | |

कम्पनी : THE BEAUTY LOUNGE FOR LADIES L.L.C. — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346255 | चलानी नं. ६०२५९४८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 2 | 1800 | ७४,४४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 2 | 1800 | ७४,४४० | | | | | | | |

कम्पनी : AFTERGLOW BEAUTY CENTRE — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346254 | चलानी नं. ६०२५९४८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 2 | 1500 | ६२,०३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masseurs | 0 | 2 | 1500 | ६२,०३५ | | | | | | | |

कम्पनी : GLOW CONCEPT LADIES BEAUTY — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346251 | चलानी नं. ६०२५९४८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 2 | 1800 | ७४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GLAMORA — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346250 | चलानी नं. ६०२५९४८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 3 | 1500 | ६२,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAIR GLOW SALON AND SPA — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346258 | चलानी नं. ६०२५९४७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FEMALE HAIR DRESSER | 0 | 2 | 1800 | ७४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LASH SALWN — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346257 | चलानी नं. ६०२५९४७७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 2100 | ८७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COIFFURE AL JAWHARA — पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | LT. No. 346256 | चलानी नं. ६०२५९४७८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautician | 0 | 9 | 1700 | ७०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ३० गते (15th Aug. 2026) मा हुनेछ ।

| प्रि-मेडिकल खर्च | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | एसएसएफ | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २९६९०० | प्रति तोला – ० | प्रति तोला – ४५८० |



भुक्काखोला साइट | राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कर्णाली कोरिडोरको घाटपारीचौर–बद्रीगाउँ–भुक्काखोला खण्डको भुक्काखोला इलाकामा चेनेज साइटमा सिजरिङको कार्य गरिँदै ।

*तस्बिर सौजन्यः नेपाली सेना*

# मोबाइलको गुणस्तर सुधार गर्न दूरसञ्चार प्राधिकरणको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाको गुणस्तर सुधार, उपभोक्ता हित संरक्षण तथा दूरसञ्चार सेवाको पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै मोबाइल सेवा प्रदायक कम्पनीलाई विभिन्न निर्देशन जारी गरेको छ । प्राधिकरणले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार दूरसञ्चार ऐन, २०५३ को दफा १५ बमोजिम मोबाइल सेवा प्रदायकहरूलाई सेवा सुधार तथा नियामकीय अनुपालनका लागि आठ बुँदे निर्देशन दिइएको हो ।

प्राधिकरणले मोबाइल सेवाको गुणस्तर (क्वालिटी अफ सर्भिस-क्युओएस), रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको प्रभावकारी उपयोग, अनुमतिपत्रका शर्तहरूको पालना तथा उपभोक्ता हित संरक्षणलाई थप प्रभावकारी बनाउन यी निर्देशन जारी गरिएको जनाएको छ । पछिल्लो समय मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर, नेटवर्क अवरोध, ग्राहक गुनासो व्यवस्थापन र ग्रामीण क्षेत्रसम्म सेवा विस्तारका विषयमा उपभोक्ताबाट गुनासो बढिरहेका बेला प्राधिकरणको यो निर्णय आएको हो ।

प्राधिकरणले सेवा प्रदायकलाई नेटवर्कको विश्वसनीयता, सेवाको गुणस्तर र ग्राहक अनुभव सुधार गर्न निर्देशन दिएको छ । यसका लागि प्राधिकरणले निर्धारण गरेका प्रमुख कार्यसम्पादन सूचक (केपीआई) पूरा भए-नभएकोसम्बन्धी प्रतिवेदन नियमित रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । सेवा प्रदायकले आफ्नो नेटवर्कको अवस्था, सेवा अवरोध, डेटा गति तथा ग्राहक सन्तुष्टिको अवस्थाबारे नियमित जानकारी नियामक निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

उपभोक्ता सेवा सुधारलाई विशेष प्राथमिकता दिँदै प्राधिकरणले ग्राहक सहायता प्रणालीलाई प्रविधिमैत्री बनाउन आग्रह गरेको छ । सेवा प्रदायकले उपभोक्ता बडापत्रको प्रभावकारी कार्यान्वयन गुपर्ने, २४सै घण्टा गुनासो सुनुवाइका लागि नवीनतम प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्नुपर्ने र गुनासो समाधान प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने निर्देशन दिइएको छ । साथै ग्राहक सन्तुष्टि सर्वेक्षण नियमित सञ्चालन गरी प्राप्त सुझावका आधारमा सुधारात्मक कार्य गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मोबाइल सेवा नपुगेका वा गुणस्तरीय सेवा उपलब्ध नभएका क्षेत्रको पहिचान गरी प्राथमिकताका आधारमा नेटवर्क विस्तार गर्न पनि प्राधिकरणले निर्देशन दिएको छ ।

विशेषगरी औद्योगिक क्षेत्र, व्यापारिक केन्द्र तथा मुख्य सहरी क्षेत्रमा उच्च गतिको मोबाइल ब्रोडब्यान्ड सेवा विस्तार गर्नुपर्ने उल्लेख गरिएको छ । साथै सेवा प्रदायकले दूरसञ्चार सेवा पुगेका स्थानको विवरण नेपालको नक्सामा समावेश गरी कम्तीमा प्रत्येक तीन महिनामा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्राधिकरणले देशभर चौथो पुस्ताको मोबाइल सेवा (फोर-जी) विस्तार र यसको गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिएको छ । साथै प्रमुख सहरहरूबाट पाँचौं पुस्ताको मोबाइल सेवा (फाइपजी) सुरु गर्न चरणबद्ध योजना तयार गरी प्राधिकरणमा पेस गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको छ । यसले आगामी दिनमा नेपालमा उच्च गतिको मोबाइल इन्टरनेट सेवाको विस्तार र नयाँ प्रविधिको प्रयोगलाई गति दिने अपेक्षा गरिएको छ ।

रेडियो फ्रिक्वेन्सी जस्तो सीमित राष्ट्रिय स्रोतको अधिकतम उपयोग गर्न पनि प्राधिकरणले जोड दिएको छ । सेवा प्रदायकले वितरण गरिएको फ्रिक्वेन्सीको प्रभावकारी उपयोग गर्नुपर्ने तथा दूरसञ्चार पूर्वाधारको साझा प्रयोगमार्फत दोहोरो लगानी घटाई राष्ट्रिय स्रोतको सदुपयोग गर्नुपर्ने निर्देशन दिइएको छ । यसबाट पूर्वाधार निर्माणमा लागत कम हुने र सेवाको पहुँच विस्तार गर्न सहज हुने विश्वास गरिएको छ । प्राधिकरणबाट अनुदान प्राप्त गरी सञ्चालन भएका परियोजनाका लागि स्पष्ट कार्यतालिका, प्रगतिका सूचक र समयसीमा निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न पनि भनिएको छ । त्यस्ता परियोजनाको नियमित प्रगति प्रतिवेदन प्राधिकरणमा बुझाउनुपर्नेछ ।

बढ्दो साइबर जोखिमलाई ध्यानमा राख्दै प्राधिकरणले साइबर सुरक्षा, नेटवर्क सुरक्षा तथा व्यवसाय निरन्तरतासम्बन्धी योजना तयार गर्न निर्देशन दिएको छ । सेवा प्रदायकले नियमित सुरक्षा परीक्षण, विपद् व्यवस्थापन योजना (डिजास्टर रिकभरी) तथा व्यवसाय निरन्तरता योजना तयार गरी लागू गर्नुपर्ने र त्यससम्बन्धी विवरण प्राधिकरणमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै, दूरसञ्चार सेवाको शुल्क निर्धारणलाई वैज्ञानिक, पारदर्शी र बजारमुखी बनाउन लागतमा आधारित शुल्क विश्लेषण गर्नुपर्ने व्यवस्था गरिएको छ । बजारको माग, प्रविधिगत विकास तथा उपभोक्ताको आवश्यकताअनुसार सेवाका शुल्कहरूको नियमित समीक्षा गरी आवश्यक प्रस्ताव प्राधिकरणमा पेस गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको छ ।

प्राधिकरणका अनुसार यी निर्देशनको कार्यान्वयनबाट मोबाइल सेवाको गुणस्तर सुधार, सेवा विस्तार, उपभोक्ता अधिकार संरक्षण तथा नयाँ प्रविधिको प्रयोगमा उल्लेखनीय प्रगति हुने अपेक्षा गरिएको छ । साथै दूरसञ्चार क्षेत्रलाई थप प्रतिस्पर्धी, उत्तरदायी र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ नियामकीय व्यवस्थालाई थप प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ ।

# कर्णाली प्रदेशमा यही वर्ष विद्युत् प्रणाली विस्तार गरिन्छः मन्त्री श्रेष्ठ

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सामाजिक न्यायका आधारमा यस वर्ष कर्णालीमा विद्युत् प्रणाली विस्तार गरिने बताएका छन् । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिको शुक्रबारको बैठकमा उनले विद्युतीकरणमा कर्णाली प्रदेश पछाडि परेकाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट काम गर्न लागिएको जानकारी दिए ।

डोल्पाको जगदुल्लामा माइक्रो हाइड्रोलगायतका आयोजनाले कर्णालीलाई न्याय गरेको बताउँदै मन्त्री श्रेष्ठले कर्णालीमा त्यस्ता आयोजना बढाउने गरी चालु आर्थिक वर्षमा काम गरिने प्रतिबद्धता व्यक्त गरे ।

ऊर्जा क्षेत्रमा आठ वर्षअघि नै सम्पन्न हुनुपर्ने राष्ट्रिय गौरवका आयोजना अलपत्र भई समस्या भएको उल्लेख गर्दै उनले चालु आवको सुरुमै ठेक्का भएकाले आयोजनाको गतिमा अर्को वर्षदेखि सुधार हुने विश्वास दिलाए । मन्त्री श्रेष्ठले पहिलेको खरिद ढिला भएकाले अहिले ट्रान्सफर्मर अभाव रहेको उल्लेख गर्दै उनले नियामक निकायलाई जिम्मेवार बनाएर यस्ता समस्या समाधान गर्न लागिएको बताए ।



**असार, साउन, भदौ महिनामा वर्षात्का कारण विद्युत् प्रणालीमा समस्या हुने गरेको छ, ती समस्या समाधान गर्न अहिले मन्त्रालयले दुई योजना बनाइरहेको छ, त्यसपछि समस्या समाधान हुन्छ ।**

■ **विराजभक्त श्रेष्ठ**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री

उनले भने, 'असार, साउन, भदौ महिनामा वर्षात्का कारण विद्युत् प्रणालीमा समस्या हुने गरेको छ, ती समस्या समाधान गर्न अहिले मन्त्रालयले दुई योजना बनाइरहेको छ, त्यसपछि समस्या समाधान हुन्छ ।'

धार्मिक, सांस्कृतिक महत्वका नदीको संरक्षण हुनुपर्ने उल्लेख गर्दै मन्त्री श्रेष्ठले उत्तरबाहिनी, कमलामाई, पूर्वमा नदी किनारमा रहेका धार्मिक सम्पदाको संरक्षण गरेर मात्र जलविद्युत्, सिँचाइलगायत काम गरिने प्रतिबद्धता जनाए । उनले विद्युत्का विषयमा भएका समस्यालाई तत्काल, मध्यकाल र दीर्घकालीन रूपमा गरी तीन समूहमा वर्गीकरण गरी काम गर्न लागिएको स्पष्ट पारे ।

# ग्लोबल आइएमईले ल्यायो 'ग्लोबल नेक्स्ट जेन अकाउन्ट'

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंकले बैंकिङ सेवालाई थप प्रविधिमैत्री र सरल बनाउने उद्देश्यका साथ युवाहरूलाई लक्षित गर्दै 'ग्लोबल नेक्स्ट जेन अकाउन्ट' सञ्चालनमा ल्याएको छ ।

पछिल्लो समय प्रविधिको बढ्दो प्रयोगसँगै बैंकले ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै बैंकको कार्यालयसम्म धाउनुपर्ने बाध्यतालाई अन्त्य गरिदिएको छ । अब ग्राहकहरूले आफ्नै घर वा कार्यस्थलबाट डिजिटल माध्यमको प्रयोग गरी सहजै बैंक खाता खोल्न सक्नेछन् ।

विशेषगरी आधुनिक र डिजिटल प्रविधिमा रुचि राख्ने युवा पुस्तालाई लक्षित गरी ल्याइएको यस खाताको सबैभन्दा ठुलो विशेषता भनेकै भौतिक रूपमा बैंक उपस्थित हुनु नपर्ने सुविधा हो ।

यदि ग्राहकसँग राष्ट्रिय परिचयपत्र (नेशनल आइडी) वा राहदानी (पासपोर्ट) उपलब्ध छ भने संसारको जुनसुकै कुनाबाट पनि सजिलै ग्लोबल आइएमई बैंकमा आफ्नो खाता खोल्न सकिन्छ । यसले गर्दा बैंक जाने समय र कागजी प्रक्रियाको झन्झटलाई पूर्ण रूपमा हटाएको छ ।




यस खाताका लागि अनलाइनमार्फत आवेदन दिएको केही समयमै खाता सक्रिय हुनेछ र ग्राहकले तत्कालै आफ्नो कारोबार सुरु गर्न सक्नेछन् । खाता खोल्ने बित्तिकै आफ्नै मोबाइलबाट मोबाइल बैंकिङ सुविधा पनि सहजै सञ्चालन गर्न सकिने व्यवस्था मिलाइएको छ । युवाहरूलाई डिजिटल बैंकिङतर्फ थप प्रोत्साहित गर्न बैंकले यस खाता अन्तर्गत पहिलो वर्ष मोबाइल बैंकिङ सेवा पूर्ण रूपमा निःशुल्क उपलब्ध गराएको छ, जसले गर्दा ग्राहकलाई थप आर्थिक लाभ पुग्ने देखिन्छ ।

आर्थिक भार कम गर्ने र बचत गर्ने बानीलाई प्रोत्साहन गर्ने उद्देश्यले यस 'ग्लोबल नेक्स्ट जेन अकाउन्ट' मा न्यूनतम मौज्दात राख्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छैन । ग्राहकले शून्य ब्यालेन्समै आफ्नो खाता सञ्चालन गर्न पाउनेछन्, जुन विद्यार्थी र युवाहरूका लागि अत्यन्तै उपयुक्त रहेको छ । बैंकले यस बचत खातामा आकर्षक ब्याजदर समेत प्रदान गर्ने सुनिश्चित गरेको बैंकले जनाएको छ, जसले गर्दा थोरै बचतमा पनि राम्रो प्रतिफल प्राप्त गर्न सकिनेछ ।

तत्काल खाता सञ्चालन हुने, निःशुल्क मोबाइल बैंकिङ पाइने र आकर्षक ब्याजदर समेत पाइने भएपछि अब बैंकको लाइनमा बस्नुपर्ने बाध्यता हटेको छ । त्यसैले, तत्कालै आफ्नो मोबाइलबाट 'ग्लोबल नेक्स्ट जेन अकाउन्ट' खोली स्मार्ट र डिजिटल बैंकिङको नयाँ अनुभव लिन सकिने बैंकले जनाएको छ ।

# राजस्व लक्ष्यतर्फ उकालो लाग्दै मेची भन्सार

**झापा (प्रस)–** राजस्व लक्ष्यतर्फ निरन्तर उकालो लागिरहेको मेची भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यको ९३.३० प्रतिशत राजस्व संकलन गरेको छ । पछिल्ला चार आर्थिक वर्षमा कार्यालयको लक्ष्य प्राप्ति दर ७०.२१ प्रतिशतबाट बढेर ९३.३० प्रतिशतमा पुगेको छ ।

उक्त कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा रु १८ अर्ब ८८ करोड ७७ लाख ४८ हजार ३०० राजस्व संकलन गर्ने लक्ष्य तोकिएको थियो । उक्त अवधिमा रु १७ अर्ब ६७ करोड ७२ लाख ११ हजार राजस्व संकलन भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व संकलन करिब रु एक अर्ब ७४ करोड ६० लाखले वृद्धि भएको हो ।

आर्थिक वर्ष २०८१/८२ मा कार्यालयलाई रु १७ अर्ब ३४ करोड ४६ लाख २५ हजार राजस्व संकलनको लक्ष्य दिइएको थियो। सो वर्ष रु १५ अर्ब ९३ करोड ११ लाख ६६ हजार राजस्व संकलन गर्दै कार्यालयले लक्ष्यको ९१.८६ प्रतिशत हासिल गरेको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा रु १८ अर्ब २५ करोड ७८ लाख ६८ हजार राजस्व संकलनको लक्ष्य रहेकामा रु १४ अर्ब २३ करोड ५२ लाख ६० हजार राजस्व संकलन भएको थियो । त्यस वर्ष लक्ष्य प्राप्ति दर ७८.४० प्रतिशत पुगेको थियो । आर्थिक वर्ष २०७९/८० मा रु २० अर्ब २४ करोड १८ लाख ३८ हजार राजस्व संकलनको लक्ष्य दिइएकामा रु १४ अर्ब चार करोड ५९ लाख २० हजार राजस्व संकलन भएको थियो । त्यसबेला लक्ष्य प्राप्ति दर ७०.२१ प्रतिशत रहेको थियो ।

चार आर्थिक वर्षको तथ्यांकले लक्ष्य प्राप्ति दरमा निरन्तर सुधार भएको देखाएको छ । यस अवधिमा लक्ष्य प्राप्ति ७०.२१ प्रतिशतबाट बढेर ९३.३० प्रतिशत पुगेको छ ।

# 'ग्यासको माग र आपूर्तिबीच सन्तुलन ल्याउन प्रयासरत'

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी यादवले खाना पकाउने ग्यासको बढ्दो माग र आपूर्तिबीच सन्तुलन ल्याउन मन्त्रालयले पहल गरिरहेको बताएकी छिन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको सांसदहरूले उठाएका प्रश्न र सवालबारे जवाफ दिँदै मन्त्री यादवले ग्यासको अभाव हुन नदिन आवश्यक सहजीकरण र बजार अनुगमनाई तीव्रता दिइएको बताएकी हुन् । उनले अफवाह र भ्रमको पछि नलागी आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न उपभोक्तालाई आग्रह गरिन् ।

अघिल्लो वर्षको आयातको तुलनामा नियमित माग धान्नसक्ने परिणाममै ग्यास आयात भए पनि बीचमा आधा सिलिण्डर दिइँदै आएकामा पूर्ण सिलिण्डर उपलब्ध गराउन थालिएपछि बजारमा माग र आपूर्तिको असन्तुलन भएको स्पष्ट पारिन् । मन्त्री कुमारीले हाल ५८ वटा एलपी ग्यास उद्योग सञ्चालनमा रहेको जनाउँदै १० हजार १६६ मेट्रिकटन कुल भण्डारण क्षमता, एक करोड ७५ ग्यास सिलिण्डर दैनिक फिलिङ क्षमता रहेको जनाइन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ